# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८
# तिलोत्तमा नगरपालिका, रुपन्देही ।




महालेखापरीक्षकको कार्यालय
काठमाण्डौं नेपाल

Scanned with CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(लुम्बिनी प्रदेश, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)
Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

प.सः-२०७८/०७९
च.न.- ४३

मितिः-२०७८/०५/०४

श्री प्रमुखज्यू,
तिलोत्तमा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, रुपन्देही ।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

नारायण एम्.सी.
(नायव महालेखापरीक्षक)

**बोधार्थ तथा कार्यार्थः-**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार काठमाण्डौः- प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np


Scanned with CamScanner

# तिलोत्तमा नगरपालिका, रुपन्देही ।

## लेखापरीक्षण प्रतिवेदन

## २०७६/०७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस तिलोत्तमा नगरकार्यपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु तिलोत्तमा नगरकार्यपालिकाको उद्देश्य रहेको छ । यस तिलोत्तमा नगरकार्यपालिका अन्तर्गत १७ वडा, ८७ सभा सदस्य, १२६.१९ वर्ग किलोमिटर क्षेत्रफल तथा १ लाख ० हजार १४९ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| .नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १९१०९८६४३।६३ | १ | चालु खर्च | | ५१२५३२२१०।०४ |
| | ख) बैंक | १५०३६९०७६।१८ | | २ | पूँजीगत खर्च | | ५३८५२२३३८।५९ |
| | ख) धरैटी मौज्दात | १६४६९४२७।८२ | | | विविध खर्च खाता | | १९६३२४१।०० |
| | ग) विभिन्न विषेश कोष मौज्दात | २४२६०१३९।६३ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | | ५३८७२०९६०।०० | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १८०६९९५१४।३७ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | १२६४५६०१५।६३ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय ( घरजग्गा रजिष्ट्रेशन दस्तुर) | १८५९७७४३०।०० | | ४ | लगानी | | |
| | ङ) जिल्ला समन्वय समिति | ४५५८८०००।०० | | | | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ६७८९४१०००।०० | | ऋण लगानी | | |
| | क) समानीकरण अनुदान | २३२५०००००।०० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | ३७११४१०००।०० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | १०३००००००।०० | | ५ | धरौटी फिर्ता | | ९५१७४६०।५५ |
| | घ) विशेष अनुदान | १००००००००।०० | | ६ | जनश्रमदान फिर्ता | | |
| | ङ) सामाजिक सुरक्षा प्रथम किस्ता | ५५००००००।०० | | | | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ४३५८२०००।०० | ७ | कोष फिर्ता | | २३५०९८७४।९७ |
| | क) समानीकरण अनुदान | ५७४००००।०० | | ८ | मौज्दात | | ३११६६३१७५।१० |
| | ख) सशर्त अनुदान | ११००००००।०० | | | क) बैंक मौज्दात | ३०२४६३१७५।१० | |
| | ग) समपुरक अनुदान | १९८४२०००।०० | | | ख) नगद मौज्दात | ९२०००००।०० | |
| | घ) विशेष अनुदान | ७००००००।०० | | ९ | अनुदान फिर्ता | | ६४१७६८१४।२० |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | १२६०३२४१।०० | १० | गत बर्षको बढी अल्या | | |
| ६ | अन्य | | | ११ | जनश्रमदान मौज्दात | | |
| | क) सडक बोर्ड नेपाल | १४४००००।०० | | १२ | धरौट मौज्दात | | २७०१९९६३।२४ |
| | ख) उद्योग विभाग | ९२०००००।०० | | १३ | कोष खाताको मौज्दात | | ३१२११६७८।६६ |
| | ग) वातावरण विभाग | १९६३२४१।०० | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | | ३०४६१४१४।०० | | | | |
| ८ | जनसहभागिता (नगद) | | ३५००००।०० | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | २००६७९९५।९७ | | | | |
| १० | धरौटी आय | | | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | विविध आय | | ११४१५०१।७५ | | | | |
| | जम्मा | | १५२०११६७५६.३५ | | जम्मा | | १५२०११६७५६।३५ |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन। जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु ११४१५०१।- ले फरक देखिएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु २४४८०४८९२।- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१९१०९८०६४३।- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ५३७०६२४९।- घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु | ५३७०६२४९।- |
| | **बैंक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. | ११४१५०१।- |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| | | ३०१३२१६७३ | ३०२४६३१७५ | ११४१५०२ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी | |

Scanned with CamScanner